श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३८।५।२१ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा. प्रथम श्रेणी, साबिकको उद्योग तथा वाणिज्य मन्त्रालयको सह-सचिव श्री गणपतलाल राजभण्डारीलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयको सह-सचिव पदमा सरुवा गरेको छ ।

आज्ञाले–
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारको मिति २०३८।७।१९ को निर्णयानुसार साबिकको टाइपिष्ट वर्गीकरण योजना खारेज गरी, टाइपिष्टहरूको नियुक्ति, पदोन्नति (पद परिवर्तन गरी नेपाल प्रशासन सेवातर्फको पदमा हुने पदोन्नतिसमेत) र टाइपिङ्ग भत्ता सम्बन्धमा बनेको नयाँ टाइपिष्ट वर्गीकरण योजना यसपछि गरिने विज्ञापनदेखि प्रारम्भ हुने भएकोले जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–
डिल्लीराज उप्रेती
श्री ५ को सरकारको सह-सचिव

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४०२